लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, पाल्पा
तानसेन

डिभिजनल वन अधिकृत

- काठको सिजनिङ्ग, ट्रिटमेन्ट प्लान्ट जडान, काठदाउरा वा भुसको गुणस्तर अभिबृद्धि गर्ने वनजन्य उद्यम सञ्चालन ।
- पार्टिकल बोर्ड, फाईबर बोर्ड, चिप बोर्ड, प्लाई उड, भेनियर आदिजस्ता उद्योग स्थापना र सञ्चालन ।
- फर्निचर र काष्ठ प्रबिधिका सुधारका कार्यक्रम सञ्चालन ।
- बाँस तथा निगालोजन्य उद्यम ।
- काष्ठजन्य हस्तकला उद्यम ।
- पल्प, पेपर तथा लोक्ता सम्बन्धी उद्यम ।
- जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित प्राथमिक तथा द्धितिय चरणका प्रशोधनका उद्योग स्थापना ।
- वनजन्य पैदावारहरुको अन्तरराष्ट्रिय बजार केन्द्रित प्रजातीहरुको प्रवर्द्धन, उत्पादन, संकलन लगायत बजारीकरणको खाका सहितको योजना ।
- पिलेट, बायोचार, ब्रिकेट आदि उत्पादन ।
- बहुउद्येश्यीय कृषिवन कार्यक्रम सञ्चालन र ब्यबस्थापन ।
- बाँस तथा निगालोजन्य उद्यम ।
- पल्प, पेपर तथा लोक्ता सम्बन्धी उद्यम ।
- आयआर्जनका लागि बृक्षारोपणको लागि स्थलगत सम्भावनाको आधारमा प्रजातीहरुको रोपण तथा ब्यबसायिक खेती बिस्तार : टिमुर, रिठ्ठा, तेजपात, ओँखर, रुद्राक्ष, काफल, जङ्गली कुरीलो, सुगन्धकोकीला, जैतुन, सतुवा लगायत वन तथा भु-संरक्षण बिभागले तोकेका अन्य ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको विकास, बिस्तार, प्रशोधन, प्याकेजिङ्ग र बजारीकरण ।
- समूहले ब्यक्तिहरुको निजी जग्गालाई चक्लाबन्दी गरी लामो अबधिका लागि लिजमा लिई जडीबुटी तथा गैरकाष्ठ वन पैदावार रोपण र बजारीकरणको योजना अनुरुप कार्य गर्ने प्रस्तावना ।
- नमुना जडीबुटी नर्सरीको स्थापना र सञ्चालन गरी ५० हजार गोटासम्म तेजपात,टिमुर, रिठा, ओँखर, रुद्राक्ष, काफल, सुगन्धकोकिला लगायतका प्रजातीका गुणस्तरीय बिरुवा उत्पादन ।
- आयआर्जन गर्न सामुदायिक एवं कबुलियती वन र सार्बजनिक जग्गामा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार बृक्षारोपण, ब्यबस्थापन र बजारीकरणको योजना ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रशोधन गरी मूल्य अभिबृद्धि गर्ने क्रियाकलापहरु ।
- अम्रिसो (कुचो) जन्य उद्यम स्थापना र सञ्चालन ।
- वन ब्यबस्थापन कार्यबाट उत्पादित कटुसका मुढाहरुको सदुपयोग सम्बन्धी उद्यम सञ्चालन ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उपहारजन्य सामाग्री निर्माण र बजारीकरण ।
- जडीबुटी जन्य चिया र मसला उद्योग स्थापना र सञ्चालन आदि ।

अनुसुची-१

# प्रस्तावको नमुना

१. प्रस्तावक तथा उद्यमको नाम

(क) प्रस्ताव पेश गर्ने सामुदायिक वन उपभोक्ता समूहको नाम :

(ख) समूह अन्तरगत सञ्चालन गर्ने वनपैदावार सम्बन्धी उद्यमको नाम :

(ग) कार्यक्रम सञ्चालन गरिने क्षेत्र र स्थान :

२. संस्थाबारे संक्षिप्त जानकारी

(क) संस्थाका उद्येश्यहरु (बढीमा ४ वटा) :

(ख) जनशक्तिको अवस्था (प्रस्ताव अनुसार सिप र दक्षताको आधारमा स्पष्ट पार्ने) :

(ग) अनुभव तथा उपलब्धीहरु (बढीमा आधा पेज) :

३. प्राबिधिक प्रस्ताव :

(क) उद्यम विकास तथा प्रवर्द्धनका उद्येश्यहरु :

(ख) प्रस्तावित योजनाको बिस्तृत विवरण (Business Plan) सहित (के काम गर्ने हो ? कच्चा पदार्थको श्रोत के हो ? औजार उपकरण कसरी ब्यबस्थापन गर्ने हो ? स्थानीय स्तरमा कामदार छन्, छैनन् ? मासिक/दैनिक कति उत्पादन हुन्छ ? उत्पादन प्रकृया के हो ? आदि खुलाउने ।)

(ग) प्रस्तावित योजनाको तरिका/पद्धति

(घ) दीगोपनाका सुनिश्चितताका आधारहरु (उद्यम कसरी चलाउने हो ? ब्यक्ति/समिती साझेदारी आदि खुलाउने)

(ङ) कार्यक्रम सञ्चालनको समय तालिका

